# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०४।२३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

धनकुटा जिल्ला साविक फाङ्दुवा गा.वि.स. वडा नं. ९ हाल पाख्रिबास नगरपालिका वडा नं. ६ मा पर्ने कि.नं. ३३७ समेतको सार्वजनिक जग्गालाई मालपोत कार्यालय धनकुटाका कर्मचारी र धनकुटा जिल्ला घोर्लीखर्क वडा नं ८ बस्ने हेन्द्र तामाङको आपसी मिलेमतोमा व्यक्तिको नाममा गैरकानूनी रुपले दर्ता गराई बेचबिखन समेत गरेको भन्ने विषयको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, धनकुटामा तत्कालिन समयमा कार्यरत प्रमुख मालपोत अधिकृत चन्द्रमणि घिमिरे, नायब सुब्बा गणेश बहादुर के.सी, खरिदारद्वय कमलबहादुर ढुङ्गेल र खगेन्द्र कार्कीको आपसी मिलेमतो र संलग्नतामा सरकारी जग्गा अनाधिकृत रुपमा व्यक्तिविशेषको श्रेस्तामा घुसाइ सोही अप्रमाणित श्रेस्ताका आधारमा बिक्री वितरण गर्ने प्रयोजनको लागि लिखत प्रमाणित गरी निज राष्ट्रसेवकहरुले बदनियतपूर्वक सरकारी सम्पत्ति हानी-नोक्सानी हुने र व्यक्तिविशेषलाई गैरकानुनी लाभ पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही दफा र उपदफा को देहाय (ज) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिएकोले निजहरुलाई बिगो रु.३०,२३,४३७।-(तीस लाख तेइस हजार चार सय सैंतीस) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) बमोजिम हदैसम्मको कैद सजाय र बिगो बमोजिम जरिवानाको सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै हेन्द्र तामाङ्गले आफूलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले मालपोत कार्यालयका कर्मचारीहरुलाई अनुचित प्रभावमा पारी गैरकानुनी तरिकाबाट सरकारी जग्गा आफ्नो निजी श्रेष्तामा घुसाई बिक्री बितरण समेत गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.३०,२३,४३७।-(तीस लाख तेइस हजार चार सय सैंतीस) कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कसुरको मात्राअनुसार हदैसम्मको कैद सजाय र बिगोबमोजिमको जरिवानाको सजायको मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता